**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०३ नवम्बर २०२५

समयः १८:५० – १९:०० बजे

<u>मुख्य समाचार</u>

१. देशकी छोरीहरूले पहिलो पटक विश्वकप जितेर क्रिकेटमा इतिहास रचेका छन्। राष्ट्रपति, उप राष्ट्रपति, प्रधानमन्त्री र राज्यकी मुख्यमन्त्रीले भारतीय महिला टीमलाई बधाई दिनुभएको छ।

२. मुख्यमन्त्री ममता ब्यानर्जीले राज्यको महत्वाकांक्षी स्वास्थ्य बीमा योजना, "स्वास्थ्य साथी" ले ऐतिहासिक उपलब्धि हासिल गरेको बताउनुभएको छ।

३. सिलगढ़ी नगरनिगम (एसएमसी)-को कार्यालय सामु विधायक शंकर घोषले अस्थायी सफाई कर्मचारीहरूको वेतन वृद्धिको मागमा झाडु बड़ालेर विरोध प्रदर्शन गर्नु भएको छ।

४. भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको प्रतिनिधि टोलीले मतदाता गहन पुनर्निरीक्षण (एसआईआर) विषयमा महकुमा शासकसित छलफल गरेको छ।

५. मौसम विभागले आगामी केहि दिन उत्तर बंगालमा मौसम सुख्खा र चिसो बढ्ने जनाएको छ।

<u>**क्रिकेट**</u>

देशकी छोरीहरूले क्रिकेटमा इतिहास रचेका छन्। हिजो राति, नवी मुम्बईमा खेलिएको आईसीसी महिला विश्वकपको फाइनलमा भारतले दक्षिण अफ्रिकालाई 52 रनले पराजित गर्दै पहिलो पटक विश्वकप जितेको छ। पहिले ब्याटिङ गर्दै भारतले 7 विकेटमा 298 रन बनाएको थियो। जवाफमा दक्षिण अफ्रिकाको टीमले 246 रन मात्र बनाउन सकेको थियो। शेफाली वर्माले उत्कृष्ट 87 रन बनाउँदै दुई विकेट पनि लिइन्। उनलाई प्लेयर अफ द म्याच घोषित गरियो। यसको साथै फाइनलमा 5 विकेट लिएर टूर्नामेन्टमा उत्कृष्ट प्रदर्शन गरेकी दीप्ती शर्मालाई प्लेयर अफ द टुर्नामेन्टको उपाधि (खिताब) प्रदान गरियो।

**बाइट**

कप्तान हरमन प्रीत कौरले जीतमा प्रसन्नता व्यक्त गर्दै भनिन सम्पूर्ण रणनीति बनाएर खेले। राष्ट्रपति द्रौपदी मुर्मु, उप राष्ट्रपति सी पी राधाकृष्णन र प्रधानमंत्री नरेन्द्र मोदीले विश्व कप जीतेकोमा भारतीय टीमलाई बधाई दिनुभएको छ।

भारतीय महिला क्रिकेट टीमको ऐतिहासिक विश्वकप विजयमा केंद्रीय मंत्री सुकांत मजूमदार र भारतीय जनता पार्टीको पश्चिम बंगाल एकाईका अध्यक्ष शमिक भट्टाचार्यले बधाई दिनुभएको छ।

<u>**रिचा घोष - सिलगडी**</u>

भारतका छोरीहरूले आइसीसी महिला क्रिकेट विश्वकप २०२५ जितेका छन्। यसले रिचा घोषको गृहनगर सिलगडीमा उत्सवमय वातावरण सिर्जना गरेको छ। सबैजना रिचाको आगमनको उत्सुकताका साथ पर्खिरहेका छन्। भारतीय महिला क्रिकेट टोली पहिलो पटक विश्व च्याम्पियन बनेको छ। यो जित सिलिगुडीको लागि विशेष छ किनभने यस विजयी टोलीको मेरुदण्ड शहरकी छोरी रिचा हुन्। रिचाले फाइनलमा २४ बलमा ३४ रन बनाएर भारतलाई बलियो स्थितिमा पुऱ्याइन्। टोलीका हरेक खेलाडीले फाइनलमा उत्कृष्ट प्रदर्शन गरे, जसले देशलाई गौरवान्वित बनायो। रिचाको प्रदर्शनले सिलगडीका हरेक बासिन्दालाई गौरवान्वित बनायो।रिचा घोषका प्रशिक्षक पप्पी दलालले भन्नु भयो, "के केटीहरू केटाहरूभन्दा कम छन्?" उहाँले भन्नु भयो, "मैले उनलाई अन्डर-१४ श्रेणीमा खेलेदेखि नै प्रशिक्षण दिइरहेको छु।"

**मुख्यमन्त्री ममता - स्वास्थ्य साथी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज घोषणा गर्नु भयो, राज्यको महत्वाकांक्षी स्वास्थ्य बीमा योजना, "स्वास्थ्य साथी" ले ऐतिहासिक उपलब्धि हासिल गरेको छ। मुख्यमन्त्रीका अनुसार, एक बलियो आईटी प्लेटफर्म र अस्पतालहरूलाई समयमै भुक्तानी सुनिश्चित गर्नाले लाभार्थीहरूलाई द्रुत र भरपर्दो स्वास्थ्य सेवाहरू प्रदान गर्न सक्षम भएको छ, जसले गर्दा यो योजनाले निरन्तर सफलताको नयाँ मापदण्डहरू स्थापित गरिरहेको छ।

***३१ अक्टोबर २०२५ सम्म यो योजनाले एक करोड अस्पताल भर्नाको आंकड़ा पार गरिसकेको छ। मुख्यमन्त्रीले भन्नु भयो, यस अवधिमा 13 हजार 156 करोड़को कैशलेस चिकित्सा सेवा प्रदान गरिएको छ, जसको सम्पूर्ण लागत राज्य सरकारको बजेटबाट वहन गरिएको छ। सामाजिक संजालको एक पोस्टमा, उहाँले लेख्नु भएको छ, "स्वास्थ्य साथी" एक अद्वितीय स्वास्थ्य सुरक्षा योजना हो जसले समाजका सबै वर्गलाई जोड्दछ र अहिलेसम्म लाखौं नागरिकहरूलाई लाभान्वित गराएको छ।***

**विधायक शंकर घोष**

सिलगढ़ी नगरनिगम (एसएमसी)-को कार्यालय सामु विधायक शंकर घोषले झाडुले बड़ालेर विरोध प्रदर्शन गर्नु भएको छ। प्राप्त जानकारी अनुसार विधायकले एसएमसीका अस्थायी सफाई कर्मचारीहरूको वेतन वृद्धिको मागमा झाडुले बड़ाल्नु भएको जानकारी प्राप्त भएको छ। आज बिहान एसएमसीको मुख्य द्वारमा अगाड़ि झाडु लिंर विधायक आइपुगनु भयो। विधायक शंखर घोषसित एसएमसीका विपक्षी नेता, भाजपा पार्षद तथा अन्य कार्यकर्ता अनि समर्थकहरू उपस्थित थिए। त्यसपछि सबैले झाडुले बड़ाले।
यस अवधि विधायक शंकर घोषले भन्नु भयो, शहरलाई सफा राख्ने जिम्मेवारी निर्वाह गर्दै आइरहेका अस्थायी सफाई कर्मचारीहरूको वेतनलाई लिएर निगम उदासीन छ। उनीहरू लामो समयदेखिकै उचित वेतनदेखि वञ्चित हुँदै आएका छन्। विधायकले अझ भन्नु भयो, हामी उनीहरूको साथमा छौं। यदि माग पूरा भएन भने आन्दोलनलाई अझ तीव्रता दिइनेछ।

**महकुमा शासकलाई स्वागत साथै एसआईआर विषयमा चर्चा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको प्रतिनिधि टोलीले खरसाङको नयाँ महकुमा शासकलाई स्वागत गर्नुको साथै वर्तमानमा पश्चिम बंगालभरि चलिरहेको मतदाता गहन पुनर्निरीक्षण (एसआईआर) विषयमा पनि चर्चा परिचर्चा गरेको जानकारी प्राप्त भएको छ।

***भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा केन्द्रीय समिति, सभासदगण, खरसाङ महकुमा समिति, खरसाङ टाउन कमिटी, युवा शक्तिका प्रतिनिधिहरु उपस्थित भएर खरसाङमा हालैमा इस्लामपुर महकुमाको महकुमा शासकको रुपमा काम गरेर स्थान्तरण भएर खरसाङ महकुमा शासकको रुपमा आएकी नयाँ महकुमा शासक आईएएस प्रिया यादवलाई स्वागत जनाएका छन्। नयाँ महकुमा शासकलाई स्वागत जनाउनुको साथै वर्तमानमा पश्चिम बंगालभरि चलिरहेको मतदाता गहन पुनर्निरीक्षण (एसआईआर ) विषयमा पनि चर्चा परिचर्चा गरेको जानकारी प्राप्त भएको छ।***

***बाइट***

**मौसम**

नोभेम्बरको सुरुवातका साथै कोलकातासहित दक्षिण बंगालका धेरै जिल्लाहरूमा हल्का चिसो महसुस हुन थालेको छ। यद्यपि, मौसम विभागले "वास्तविक चिसो" सुरु हुन अझै केही समय बाँकी रहेको स्पष्ट पारेको छ। हावामा आर्द्रतामा कमी र उत्तर-पश्चिमी हावाको प्रभावका कारण यस साता राज्यका कैयन जिल्लाहरूमा तापमान लगभग 3 डिग्री सेल्सियसले घट्न सक्छ। भोली उत्तर बंगालमा मौसम सुख्खा र चिसो रहनेछ। दार्जिलिङ र कालिम्पोङमा रातिको तापमान 12 देखि 13 डिग्री सेल्सियस पुगेको छ।

**टर्जम पोख्रेबुङ गोल्डकप फुटबल**

टर्जम पोख्रेबुङ गोल्डकप फुटबल प्रतियोगिताको दोस्रो दिनको म्याचमा मार्बिक स्पोर्टिङ्ग क्लब बिजय बनेको छ। टर्जम क्षेत्रको पूर्व सैनिक र अर्ध सैनिक बलको आयोजनामा हिजोदेखि शुरु भएको टर्जम पोख्रेबुङ गोल्डकप फुटबल प्रतियोगिताको दोस्रो दिनको म्याच रेड हर्स इलाम बनाम मार्बिक स्पोर्टिङ सुखेबीच भएको थियो जसमा मार्बिक स्पोर्टिङ क्लब सुखेले 1 गोलले विजय हासिल गर्न सफल भएको छ। हिजो आईतबार उदघाटन गरिएको उक्त गोल्ड कप फुटबल प्रतियोगिताको तेस्रो दिनको म्याच भोलि मंगलवार तरुजबारी सिलगढी र सुबोध फुटबल एकाडेमीबीच हुने भएको आयोजक समितिको मुख्य संयोजक बिनोद राई र महासचिव राजेस तामाङले जानकारी गराएका छन् ।

**राष्ट्रीय स्वयंसेवक स्थापना**

राष्ट्रिय स्वयंसेवक संघको स्थापनाको 100 वर्ष पूरा भएको अवसरमा हिजो साँझ पश्चिम मेदिनीपुर जिल्लाको बेल्दामा एक भव्य विशिष्ट नागरिक सम्मेलन (नागरिक सम्मेलन)को आयोजना गरियो। यस कार्यक्रममा जम्मा 231 नागरिकहरुले भाग लिए| यसमा 210 पुरुष र तथा 21 मातृशक्तिको उपस्थिति रहेको थियो।कार्यक्रमका प्रमुख अतिथि विभाग संघचालक ठाकुरदास अधिकारी हुनुहुन्थ्यो। सम्मेलनको शुभारंभ मंगलगीत र दीप प्रज्वलनका साथ सुरु भयो। उद्घाटन सत्रमा संघको 100 वर्षको प्रेरणादायी यात्रा, समाजमा यसको भूमिका तथा संगठनात्मक कार्य बारे विस्तृत रूपमा छलफल गरिएको थियो।

**सुफल बंगला" मोबाइल भ्यान**

मूल्यवृद्धिले समस्यामा परेका आम मानिसहरुलाईलाई राहत दिने उद्देश्यले जलपाईगुडीमा कृषि विपणन विभागले न्याय- मूल्यको सब्जी दोकान सुरु गरेको छ। हालै आएको बाढी र 'मोन्था' चक्रवातका कारण जिल्लाका कैयन क्षेत्रहरुमा सब्जिमा ठूलो क्षति भएको छ, जसका कारण बजारमा सब्जिको मूल्य आकाशिएको छ।

****** ० ******